# अप्पर सोलु हाइड्रो इलेक्ट्रिक कम्पनी लिमिटेड

द.न. १४७९३६
स्था.ले.नं.: ३०४३०३५६२


पत्र संख्या : युसेक/प्र - २०२२/२३०८

मिति : २०७९/०९/०६

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

श्री नेपाल स्टक एक्चेन्ज लिमिटेड,
सिंहदवार प्लाजा, काठमाण्डौ

श्री सिडिएस क्लियरीङ लिमिटेड
पुतलिसडक, काठमाण्डौ

श्री बिद्युत नियमन आयोग,
सानो गौचरण, काठमाण्डौ नेपाल ।

**विषय : कम्पनीको २०७८।७९ को बार्षिक साधारण सभा सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति २०७९।०९।०६ दिनको ३:०० बजे बसेको संचालक समितीको बैठकको निर्णयानुसार कम्पनीको २०७८।७९ को बार्षिक साधारण सभा मिति २०७९।०९।२८ गते बिहान १० बजे हुन गई रहेको व्यहोरा यहांको जानकारीको लागी अनुरोध गरिन्छ । साधारण सभामा पेश गरिने प्रस्तावहरु निम्नुसार रहेका छन् ।

सभा हुने मिति, समय र स्थान :

मिति : २०७९ साल पौष २८ गते

समय : बिहानको १०:०० बजे ।

स्थान : लिसारा रिसेप्सन, भगवति बहाल, नक्साल (कृषि बिकाश बैंकसंगै)

**क. छलफलका बिषयहरु :**

- संचालक समितिको तर्फबाट अध्यक्ष ज्यूको प्रतिवेदन उपर छलफल गरि पारित गर्ने बारे ।
- आर्थिक बर्ष २०७८/७९ को बित्तिय बिबरणहरु (वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसुचीहरु समेत) उपर छलफल गरि पारित गर्ने बारे ।
- लेखापरिक्षण समितिको सिफारिश बमोजिम आ.व. २०७९/०८० को लेखापरिक्षक नियुक्त गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने बारे ।
- सर्वसाधारण समुहको तर्फबाट प्रतिनिधित्व गर्ने १ जना संचालकको निर्बाचन गर्ने बारे ।
- संचालक समितीबाट नियुक्त गरिएको स्वतन्त्र संचालकको अनुमोदन गर्ने बारे ।
- बिबिध ।

साथै, बार्षिक साधारण सभा प्रयोजनको लागी शेयर दर्ता पुस्तिका तथा शेयर दाखिल खारेजको कार्य २०७९ पौष १४ गते बन्द रहने तथा मिति २०७९ पौष १३ गते सम्म दर्ता पुस्तिकमा कायम शेयरधनीहरुले साधारण सभामा भाग लिन सक्नेछन् ।

Upper Solu Hydro Electric Company Limited
USHEC
Estd. 2010

डिजे श्रेष्ठ
प्रमुख कार्यकारी अधिकृत

अप्पर सोलु हाईड्रो ईलेक्ट्रीक कम्पनी लिमिटेडको
हात्तिसार, काठमाण्डौको
फोन नं: ४४२६९४१/४२

# सातौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९ पौष ०७ गते)

यस कम्पनीको मिति २०७८।०९।०६ मा बसेको कम्पनीको सञ्चालक समितिको (सुचिकृत भए पश्चात बैठक नं ४) को निर्णयानुसार सातौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा बस्ने निर्णय भएको हुँदा सम्पुर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना जारि गरिएको छ ।

बार्षिक साधारण सभा बस्ने सम्बन्धमा :
सभा हुने मिति, समय र स्थान :
मिति : २०७९ साल पौष २८ गते
समय : बिहानको १०:०० बजे ।
स्थान : लिसारा रिसेप्सन, भगवति बहाल, नक्साल (कृषि बिकाश बैंकसंगै)

**क. छलफलका बिषयहरु :**

- संचालक समितिको तर्फबाट अध्यक्ष ज्यूको प्रतिवेदन उपर छलफल गरि पारित गर्ने बारे ।
- आर्थिक बर्ष २०७८/७९ को बित्तिय बिबरणहरु (वासलात, नाफा नोक्सान हिसाव, नगद प्रबाह विवरण तथा सम्बन्धित अनुसुचीहरु समेत) उपर छलफल गरि पारित गर्ने बारे ।
- लेखापरिक्षण समितिको सिफारिश बमोजिम आ.व. २०७९/०८० को लेखापरिक्षक नियुक्त गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने बारे ।
- सर्वसाधारण समुहको तर्फबाट प्रतिनिधित्व गर्ने १ जना संचालकको निर्बाचन गर्ने बारे ।
- संचालक समितीबाट नियुक्त गरिएको स्वतन्त्र संचालकको अनुमोदन गर्ने बारे ।
- बिबिध ।

Upper Solu Hydro Electric Company Limited USHEC Estd. 2010

संचालक समितीको आज्ञाले
कम्पनी सचिव

**बार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी :**

१. सातौं बार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०७९।०९।१४ मा यस कम्पनीको शेयर दाखिला खारेज बन्द रहने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७९।०९।१३ गते सम्म कारोबार भई प्रचलित कानून बमोजिम यस कम्पनीको शेयर रजिष्ट्रार एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी काठमाण्डौंमा रहेको शेयरधनी दर्ता किताबमा दर्ता कायम रहेका शेयरधनीहरुले मात्र सो सभामा भाग लिन र मतदान गर्न योग्य हुनेछन् ।

२. सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले कम्पनीले उपलब्ध गराएको कागजात वा हितग्राही खाता खोलिएको प्रमाण तथा परिचय खुल्ने कुनै प्रमाण (जस्तै नागरिकताको प्रमाणपत्र वा अन्य कुनै फोटो सहितको परिचयपत्र) साथमा लिई उपस्थित हुन अनुरोध छ ।

३. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा स्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । हाजिरी पुस्तिका विहान १०:०० बजे देखि खुल्ला रहनेछ ।

४. नाबालक शेयरधनीहरुको तर्फबाट संरक्षक (शेयरधनीको दर्ता किताबमा उल्लेख) ले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मत दिन समेत सक्नेछन् । संयुक्त रुपमा शेयर लिएको शेयरधनीको हकमा सर्वसम्मत एक व्यक्ति मात्र सभामा भाग लिन पाउने छ । सर्वसम्मत प्रतिनिधि तोक्न नसकेको खण्डमा शेयरधनीको दर्ता किताबमा जसको नाम पहिले उल्लेख भएको छ सोही व्यक्तिले दिएको मत वा प्रतिनिधी पत्र मात्र सदर हुनेछ ।

५. सभामा भाग लिन स्वयं उपस्थित हुन नसक्ने भई प्रोक्सी मार्फत प्रतिनिधी नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा शुरु हुनुभन्दा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालय, हात्तिसार, काठमाण्डौंमा प्रोक्सी दर्ता गरी सक्नुपर्नेछ । प्रतिनिधी (प्रोक्सी) नियुक्त गरीसक्नु भएको शेयरधनी स्वयम् सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गर्नु भएमा उक्त प्रोक्सी स्वतः वदर हुनेछ ।

६. नावालक वा अशक्त शेयरधनीको प्रतिनिधीको हकमा कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले मात्र प्रतिनिधी तोक्न सक्नेछ ।

७. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरीद गरेको हकमा त्यस्तो संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधीले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ ।

८. प्रतिनिधी नियुक्त गर्नु भएको शेयरधनीहरुको निवेदनमा भएको दस्तखत कम्पनीको शेयरको अभिलेखमा रहेको दस्तखत सँग मिल्नु पर्नेछ ।

९. कम्पनीको वार्षिक साधारणसभा सम्बन्धी सूचना, सञ्चालक समितिको वार्षिक प्रतिवेदन, आर्थिक विवरणहरु कम्पनीको वेवसाईट https.ushec.com.np मा राखिने छ । कसैले हेर्न नसक्नु भएमा यस कम्पनीको रजिष्टर्ड कार्यालय हात्तिसार, काठमाण्डौं वा यस कम्पनीको शेयर रजिष्ट्रार श्री एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाण्डौंबाट उपलब्ध हुने व्यहोरा समेत अनुरोध गरिन्छ । शेयरधनीले आफ्नो प्रमाण प्रस्तुत गरी सो प्रतिवेदन लिनु हुनेछ ।

१०. निर्वाचन सम्बन्धी कार्य तालिका वार्षिक साधारण सभाको दिन भन्दा १५ दिन अगावै हात्तिसार, काठमाण्डौंमा रहेको कम्पनीको रजिष्टर्ड कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

११. कुनै शेयरधनी महानुभावहरुलाई कम्पनी सम्वन्धमा केही जिज्ञासा भए त्यस्तो व्यहोरा लिखित रुपमा सभा शुरु हुनुभन्दा कम्तीमा ७ दिन अगावै कम्पनीको रजिष्टर्ड कार्यालय हात्तिसार, काठमाण्डौंमा पठाउनु हुन अनुरोध गर्दछौं । कानुनत अन्यथा भनिएकोमा बाहेक यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

१२. अन्य विस्तृत जानकारीको लागि कम्पनीको रजिष्टर्ड कार्यालय हात्तिसार, काठमाण्डौंमा कार्यालय समय भित्र फोन नं. ४४२६९४१/४२ मा सर्म्पक राख्न सक्नु हुनेछ ।

१३. अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछन् ।

Upper Solu Hydro Electric Company Limited
USHEC
Estd. 2010

)